लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

# सडक पूर्वाधार विकास कार्यालय

बुटवल, रूपन्देही

सूचना प्रकाशन मितिः-२०८३/०३/०८

बिषयः-भुक्तानी सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) मा रहेको प्रावधान अनुसार आर्थिक वर्ष समाप्त हुनुभन्दा एक हप्ता अगाडी नै भुक्तानी कारोवार बन्द हुन जाने भएकोले सो समय सीमा पछाडी यस कार्यालयबाट कुनै किसिमको भुक्तानी हुन नसक्ने सबैलाई जानकारी भएकै बिषय हो। विगतका केही आर्थिक वर्षहरुको उदाहरण हेर्दा समेत असार महिनामा प्रदेश संचित कोष तथा भुक्तानी प्रणालीमा अत्याधिक चाप पर्ने जसले गर्दा अग्रिम भुक्तानी कारोवार बन्द हुने, समयमै CGAS System Server ले काम नगर्ने लगायतका कारणले गर्दा प्रयास गर्दागर्दै पनि भुक्तानी छुट्न जाने समस्या रहेको देखिन्छ। अतः चालु आ.व. २०८२/०८३ का लागि यस कार्यालयसँग सम्झौता गरेका सबै निर्माण व्यवसायी तथा आपूर्तिकर्ताहरुले मिति २०८३/०३/१५ गते भित्र नियमानुसारका कागजातहरु पेश गरी आफुले प्राप्त गर्नुपर्ने भुक्तानी समयमै लिनुहुन जानकारी गराइन्छ ।कोही कसैले यस सूचनामा उल्लेखित अवधी भित्र भुक्तानी लिन नआएमा वा छुटेमा सो को जिम्मेवार निज स्वयम नै हुने र तत्पश्चात दाबी गरीएको भुक्तानीमा अन्यथा व्यवस्था भएमा बाहेक यस कार्यालयको काबु बाहिरको कारणले हुनजाने ढिलाइ प्रति यस कार्यालय जवाफदेही नहुने व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८३/०३/०८
(नविन श्रेष्ठ)
वरिष्ठ लेखा अधिकृत

वरिष्ठ लेखा अधिकृत